# सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८२ माघ देखि चैत सम्म
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण
## स्वत प्रकासन

प्रदेश लेखा नियन्त्रक कार्यालय
लुम्बिनी प्रदेश

# विषय सुची

| | |
|---|---|
| १.कार्यालयको स्वरुप र प्रकृती | 1 |
| २.कार्यालयको काम, कर्तव्य र अधिकार | 1 |
| ३.कार्यालयमा रहने कर्मचारीको संख्या र विवरण | 2 |
| ४.कार्यालयमा रहेका शाखा र पदाधिकारीको विवरणः- | 3 |
| ५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर | 4 |
| ६.निर्णय गर्ने प्रकृया र अधिकारी | 4 |
| ७.निर्णय उपर उजुरी सुन्ने अधिकारी | 5 |
| ८.सुचना अधिकारीको नाम र पद | 5 |
| ९.ऐन नियम विनियम र निर्देशिकाको सुची | 5 |
| १०.चैत्र मसान्तसम्मको लुम्बिनी प्रदेश सरकारको आम्दानी र खर्चको साराशं | 5 |
| ११. कार्यालयको वेबसाईट | 6 |
| १२. यस अवधिमा सम्पादित मुख्य क्रियाकलापहरु | 7 |

## १.कार्यालयको स्वरुप र प्रकृती

प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने आर्थिक मामिला मन्त्रालय अन्तर्गत विभागस्तरको निकाय हो । यो कार्यालय २०७५ साल श्रावण १ मा स्थापना भएको हो । यस कार्यालयले आर्थिक प्रशासन सम्वन्धमा आवश्यकता अनुसार विभिन्न निकायहरुसँग समन्वय गरी प्रदेश संचित कोषको लेखा अद्यावधिक राख्ने तथा सो को एकिकृत बार्षिक वित्तिय विवरण तयार गरी आर्थिक मामिला मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परिक्षकको कार्यालयमा पेश गर्ने गर्दछ ।

यसका साथै यस कार्यालयले प्रदेश सरकारको बजेट कार्यान्वयनमा सहजिकरण गर्ने, आय व्ययको अभिलेख राख्ने, प्रदेश सरकारका मन्त्रालय र सो अन्तर्गतका निकायहरुको आर्थिक प्रशासनको संचालन सम्वन्धमा निर्देशन दिने, आन्तरिक लेखा परिक्षण गर्ने गराउने कार्यहरु समेत सम्पादन गर्दछ ।लुम्बिनी प्रदेशको राजधानी रहको जिल्ला दाङ र रुपन्देही जिल्लाको बजेट निकासा तथा आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्य यस कार्यालय आफैले सम्पादन गर्दछ भने अन्य जिल्लाको निकासा तथा आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्य प्रदेश लेखा ईकाई कार्यालयको रुपमा यस कार्यालयको निर्देशन अनुसार संघीय कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले सम्पादन गर्दछन।

## २.कार्यालयको काम, कर्तव्य र अधिकार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा अन्य प्रचलित कानुन अनुसार यस कार्यालयको काम कर्तव्य र अधिकार निम्नानुसार छन्।

१.प्रदेश सञ्चित कोषको संचालन गर्ने,

२.प्रदेश सञ्चित कोषको लेखा राख्ने,

३.प्रदेश सञ्चित कोषको वार्षिक वित्तिय विवरण तयार गरि आर्थिक मामिला मन्त्रालय महालेखा नियन्त्रक कार्यालय र महालेखा परिक्षकको कार्यालयमा पेश गर्ने,

४.प्रदेश सरकारका निकायहरुको बजेट निकासा गर्ने गराउने,

५.प्रदेश सरकारका निकायहरुको आन्तरिक लेखापरिक्षण गर्ने गराउने,

७.प्रदेश सरकारको विनियोजन राजस्व धरौटी तथा अन्य कोषको हिसाब राख्ने तथा राख्न लगाउने

६.प्रदेश सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने,


७.प्रदेश सरकारका निकायहरुको आर्थिक प्रशासन संचालन सम्बन्धमा आवश्यक निर्देशन, राय, सल्लाह र सुझाव प्रदान गर्ने ।

८.प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय आर्थिक मामिला मन्त्रालयले दिएको निर्देशन अनुसारका कार्यहरु सम्पादन गर्ने।

## ३.कार्यालयमा रहने कर्मचारीको संख्या र विवरण

यस कार्यालयको लागि जम्मा २० जना कर्मचारीको दरवन्दी स्वीकृत रहेको छ। कार्यालयको कार्यालय प्रमुख रा.प. द्धतीय श्रेणीको प्रदेश लेखा नियन्त्रक रहने व्यवस्था छ। हाल यस कार्यालयको स्वीकृत दरबन्दी र पतपुर्तीको अवस्था र कार्यालयको संगठन चार्ट निम्नानुसार छ।

| सि.नं. | पद | तह | सेवा / समुह | स्वीकृत दरवन्दी | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नवौं/दशौं | नेपाल प्रशासन/लेखा | १ | १ | स्थायी |
| २ | लेखा नियन्त्रक | सातौं/आठौं | नेपाल प्रशासन/लेखा | ४ | २ | स्थायी |
| ३ | लेखापाल/ अधिकृतस्तर छैठौं | पाचौं / छैठौं | नेपाल प्रशासन/लेखा | ४ | ४ | स्थायी |
| ४ | सहलेखापाल | चौथो/पाचौं | नेपाल प्रशासन/लेखा | ४ | १ | स्थायी |
| ५ | कम्प्युटर अपरेटर | पाचौं | नेपाल विविध | १ | - | |
| ६ | हलुका सवारी चालक | श्रेणीविहिन | नेपाल प्रशासन | २ | १ | करार |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहिन | नेपाल प्रशासन | ४ | ४ | करार |




## ४.कार्यालयमा रहेका शाखा र पदाधिकारीको विवरणः-

| प्रदेश लेखा नियन्त्रक श्री दीपक ज्ञवाली | | |
|---|---|---|
| शाखाको नाम | प्रमुख कार्यहरु | जिम्मेवार पदाधिकारीहरु |
| प्रशासन शाखा | १.कर्मचारी प्रशासन सम्बन्धी कार्य<br>२.आन्तरिक प्रशासन सम्बन्धी कार्य<br>३.आर्थिक प्रशासन सम्बन्धी कार्य<br>४.जिन्सी व्यवस्थापन सम्बन्धी कार्य | १.अधिकृतस्तर छैठौं श्री बाबुराम ज्ञवाली<br>२.ह.स.चा. श्री अर्जुन न्यौपाने<br>३.का.स. श्री सन्तोष चौधरी<br>४.का.स. श्री कमला श्रेष्ठ<br>५.का.स. श्री धनमाया राना<br>६.का.स. श्री अन्जली चौधरी |

| | | |
|---|---|---|
| कोष प्रशासन शाखा( तथ्याङ्क प्रकासन समेत) | १.प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने<br>२. प्रदेश सञ्चित कोषको अभिलेख राख्ने<br>३.प्रदेश सरकारको विनियोजन राजस्व धरौट तथा अन्य कोषको वार्षिक एकिकृत प्रतिवेदन तयार गर्ने<br>४.बैदेशिक स्रोतको फुकुवा पत्र जारी गर्ने | १.लेखा नियन्त्रक श्री गणेश बहादुर रायमाझी |
| बजेट कार्यान्वयन शाखा ( सुचना प्रविधिको कार्य समेत) | १.प्रदेश सरकारको विनियोजन, धरौटी विविध तर्फको निकासा गर्ने<br>२.CGAS, PAMS, RMIS को User Id प्रदान गर्ने र सो सम्बन्धी अन्य कार्यहरु गर्ने | १.अधिकृत स्तर छैठौं श्री सिता मरासिनी<br>२.अधिकृत स्तर छैठौं श्री दिपक नेपाली<br>३.लेखापाल श्री लक्ष्मण केसी<br>४.सहलेखापाल श्री विष्णु प्रसाद उपाध्याय |
| लेखापरिक्षण तथा अनुगमन शाखा | १.रुपन्देही जिल्लाका प्रदेश कार्यालयहरुको आन्तरिक लेखापरिक्षण गर्ने<br>२.प्रदेश सरकारका सबै जिल्लाको आन्तरिक लेखापरिक्षणको एकिकृत प्रतिवेदन तयार गर्ने<br>३.आन्तरिक लेखापरिक्षण तथा अनुगमन सम्बन्धी अन्य कार्य | १. बरिष्ठ लेखा नियन्त्रक श्री रविन्द्र अर्याल |

## ५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर

यस कार्यालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्दैन ।

## ६.निर्णय गर्ने प्रकृया र अधिकारी

प्रदेश लेखा नियन्त्रक कार्यालयको सेवाग्राही मुलत अन्य सरकारी कार्यालयहरु हुन्। सम्बन्धित कार्यालयहरुले सेवा प्राप्तिका लागि आवश्यक कागजात सहित सेवा माग गरेको खण्डमा उक्त कागजात कार्यालय प्रमुखबाट तोक आदेश भई सम्बन्धित शाखामा जान्छ। सम्बन्धित शाखामा कागजात प्राप्त भएपछी रित पुगे नपुगेको जाँच गरि रित पुगेको हकमा सेवा प्रदान गर्ने र रित नपुगेको हकमा सो को

कारण खुलाई सम्बन्धित पक्षलाई जानकारी दिने कार्य गरिन्छ। यो कार्यको जिम्मेवारी सम्बन्धित शाखा प्रमुखको रहेको छ।

## ७.निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश लेखा नियन्त्रक श्री नारायण प्रसाद पौडेल

मोबाइल नं.९८५७०४४११४

## ८.सुचना अधिकारीको नाम र पद

लेखा नियन्त्रक श्री रविन्द्र अर्याल

मोबाइल नं. ९८४३१२८००१

## ९.ऐन नियम विनियम र निर्देशिकाको सुची

क.आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६

ख. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७

ग. सार्वजनिक खरिद ऐन २०६३

घ. सार्वजनिक खरिद नियमावली २०६४

ङ. लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४

च. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४

छ. भ्रमण खर्च नियमावली २०६४

ज.एकल खाता कोष प्रणाली निर्देशिका

झ.अन्य आर्थिक प्रशासन सम्बन्धी ऐन नियम तथा कानुनहरु।

## १०.चैत्र मसान्तसम्मको लुम्बिनी प्रदेश सरकारको आम्दानी र खर्चको साराशं

**आम्दानीको विवरणः**

| शिर्षक | लक्ष्य | रकम रु. |
|---|---|---|
| संघबाट प्राप्त हुने अनुदान | १४,०१९,९००,०००.०० | ८,७५६,४३९,९२०.०० |
| संघबाट प्राप्त हुने राजश्व बाँडफाँड | ११,८६५,६००,०००.०० | ७,८६२,५५२,२१४.९० |
| संघबाट प्राप्त हुने रोयल्टी | ४१५,०३५,०००.०० | २६३,५९३,८४३.९२ |
| प्रदेशको आन्तरिक राजश्व | ४,८८०,४६५,०००.०० | १,५८९,५३२,४५०.०३ |
| प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (प्रदेशले संकलन गर्ने) | २,९००,०००,०००.०० | १,६९६,४५७,५८९.६० |
| प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (स्थानीय तहले संकलन गर्ने) | २,८२९,०००,०००.०० | ७४२,४०९,९४३.९४ |
| गत वर्षको मौज्दात | २,०००,०००,०००.०० | ५०२,१८७,९३०.७४ |
| जम्मा | ३८,९१०,०००,०००.०० | २१,४१३,१७३,८९३.१३ |

**खर्चको विवरणः**

| शिर्षक | बजेट रकम रु. | खर्च रकम रु. |
|---|---|---|
| चालु खर्च | १२,०१४,७८६,०००.०० | ४,२१९,८८५,९४२.९७ |
| पुँजीगत खर्च | २३,४७१,४६५,०००.०० | ७,५९५,७४२,९००.१४ |
| स्थानीय तह वित्त हस्तान्तरण | ३,४२३,७४९,०००.०० | १,५३४,०५३,२०३.५२ |
| जम्मा | ३८,९१०,०००,०००.०० | १३,३४९,६८२,०४६.६३ |

## ११. कार्यालयको वेबसाईट

ptco.lumbini.gov.np

## १२. यस अवधिमा सम्पादित मुख्य क्रियाकलापहरु

क.प्रदेश सरकारका निकायहरुको निकासा सम्बन्धी कार्य

ख.प्रदेश सरकारका निकायहरुको आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्य